# स्थानीय राजपत्र

मिथिला नगरपालिका, नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड १ मिथिला, माघ ७ गते, २०७४ साल संख्या २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मिथिला नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

भाग १

## मिथिला नगरपालिकाको विनियोजन ऐन, २०७४

"मिथिला नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन"

**प्रस्तावना :** मिथिला नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मिथिला नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम **"मिथिला नगरपालिकाको विनियोजन ऐन, २०७४"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

क) "नगर सभा"भन्नाले मिथिला नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) "कार्य पालिका" भन्नाले मिथिला नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

मिथिला नगरपालिका

ग) “वडा समिति” भन्नाले मिथिला नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) “बिषयगत शाखा” भन्नाले मिथिला नगरपालिकाका अन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ड.) “संञ्चित कोष” भन्नाले मिथिला नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३.**आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **५१,०१,००,०००।०० (अक्षेरुपी एकाउन्न करोड एक लाख** ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ। साथै उक्त रकम वाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

४. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त मिथिला नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा मिथिला नगरपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ । (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो

शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

## (दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**मिथिला नगरको संञ्चित कोषमा जम्मा रहने तथा सोबाट विनियोजन हुने रकम**

| **आय तर्फ** | | | **व्यय तर्फ** | | |
|---|---|---|---|---|---|
| १. | वित्तीय समानिकरण | २५५४२४०००।०० | १ | चालु तर्फ ( ७७.६५ प्रतिशत) | |
| २. | शशर्त अनूदान(थप माग समेत ) | १३७७१५५००।०० | १.१ | प्रशासनिक खर्च( १०.७८प्रतिशत) | ५५००००००।०० |
| ३. | सामाजिक सुरक्षा भत्ता | ६५००००००।०० | १.२ | कार्यक्रम खर्च | २५५५८७१५०।०० |
| ४. | स्थानीय शासन तथा सामूदायिक विकास | १४१३०००।०० | २. | पूँजीगत खर्च ( २२.३५ प्रतिशत) | |
| ५ | वहूक्षेत्रीय पोषण योजना | १४४००००।०० | ३ | वडा तर्फ | ७७००००००।०० |
| ६ | सडकबोर्ट नेपाल | २५००००००।०० | ४ | नगरपालिका तर्फ | १६४८१२८५०।०० |
| ८ | गत आ.व.को वांकी सरी आएको | ३३९३८८८३।२९ | ५ | सामामजिक सुरक्षा भत्ता | ६५००००००।०० |
| ९ | आन्तरिक आय | १२६६८६१६।७१ | ६ | विभिन्न कोषहरु | २०५००००००।०० |
| | | ५१०१०००००।०० | | | ५१०१०००००।०० |

प्रमाणीकरण मिति: २०७४/१०/०६

आज्ञाले
राम कुमार कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत

मिथिला नगरपालिका